दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्भनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३१३ | बुटवल | २०८२ मंसिर ०७ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday November 23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## युवालाई जिम्मेवारी दिन्छु : प्रचण्ड

बुटवल । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले अब युवाहरूलाई नै मुलुकको जिम्मेवारी सुम्पिने बताएका छन् ।

पार्टीले शनिबार तत्कालीन माओवादी केन्द्रको मुख्यालय पेरिसडाँडामा जेनजी कार्यकर्तासँग राखेको संवाद कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले अघिल्लो पुस्ताले वैचारिक रुपमा, सांस्कृतिक रुपमा युवा पुस्तालाई गाइडेड गर्ने बताए । यो वातावरण बनाउन आफू लागि परेको पनि उनले बताए । नेपालको भविष्यलाई ख्याल गरेर अगाडि बढनुपर्ने, नेपालको विकास र समृद्धिका लागि भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि अगाडि बढ्नुपर्नेमापनि उनको जोड रहेको छ । आफूहरूले निरन्तर संसदमा रहेर संघर्षमा गरेको तर, त्यसले मात्रै काम गर्न नसकिरहेका बेला जेनजी आन्दोलन भएपछि थप उर्जा प्राप्त भएको पनि प्रचण्डले बताए ।

जेनजी पुस्ताले पहलकदमी लिएर २३ र २४ भदौमा गरेको आन्दोलनले देशलाई र विश्वभर रहेका नेपालीहरूलाई राम्रैसँग भकभक्याएको पनि प्रचण्डले बताए । त्यसले एउटा नयाँ परिस्थिति निर्माण गरेको र नयाँ चेतनातिर अगाडि बढ्न उत्प्रेरित र बाध्य दुवै पारेको प्रचण्डको भनाइ रहेको छ ।

यो विषय आफूले भदौ २३ मै पनि भनेको र तत्कालीन सरकारलाई सही माग राखेर भएको आन्दोलनमा बल प्रयोग नगरोस् भनेको पनि स्मरण गरे । आफूहरूको माग र जेनजीहरूको मागमा समानता देखिएको पनि उनले बताए । मागमा समानता भए पनि आफूहरूबाट विगतमा जति गर्न सक्नुपर्दथ्यो त्यति गर्न नसकेकोमा आत्मसमीक्षा गर्दै अगाडि बढ्न तयार भएको उनको भनाइ छ । युवाहरूको स्पिरिट अनुसार नयाँ नेपाल निर्माण गर्ने संकल्प लिन भने फेरि एकै ठाउँमा रहन सकिने उनले आग्रह गरे ।

आफू १६ वर्ष उमेर पुगेपछि पार्टीमा जोडिएर राजनीतिमा संलग्न भएको पनि उनले स्मरण गरे ।

२७ वर्षको उमेरमा युवक संगठनको अध्यक्ष भएको र ३५ वर्षको उमेरमा पुग्दा आफू पार्टीको प्रमुख नेता भएको सुनाए । युवाहरूलाई नै लिएर आफूले १० वर्षे सशस्त्रयुद्ध गरेको र २०६२/०६३ को आन्दोलनमा युवाहरूकै सक्रियता रहेको पनि प्रचण्डले सविस्तार व्याख्या गरे ।

» *बाँकी ३ पेजमा*

## राष्ट्र बैंकले तीन अर्ब ७६ करोड लगानी गर्ने

बुटवल । नेपाल राष्ट्र बैङ्कले उपदान तथा पेन्सन कोषमा रहेको रु तीन अर्ब ७६ करोड बराबरको रकम बैङ्क तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ ।

केन्द्रीय बैङ्कले एक सूचनामार्फत् आफूले लिन चाहेको रकम र सो रकम लिनका लागि प्रस्ताव गरिएको व्याजदरसमेत उल्लेख गरी यही मङ्सिर ८ साँझ ७:०० बजेभित्र आवेदन दिन आग्रह गरेको छ ।

सूचनाअनुसार सो रकम एक वर्षका लागि लगानी गर्न लागिएको हो । सूचनाअनुसार क वर्गको वाणिज्य बैङ्कमा रु तीन अर्ब ८० लाख, ख वर्गका विकास बैङ्कमा रु ५६ करोड ४० लाख र ग वर्गका वित्त कम्पनीमा रु १८ करोड ८० लाख बराबर लगानी हुनेछ ।

बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा भएको, केन्द्रीय बैङ्कबाट तोकिएको न्यूनतम कूल पुँजीकोष कायम गरेको र निष्क्रिय कर्जा कूल कर्जा सापटीको आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेको हुनुपर्नेलगायतका शर्त पूरा गरेको हुनुपर्ने छ ।

# राजनैतिक संकट समाधान गर्न प्रतिनिधिसभा पुन:स्थापना : ओली

बुटवल । एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको संकट समाधानका लागि प्रतिनिधिसभा पुनःस्थापना आवश्यक रहेको बताएका छन् ।

काठमाडौंमा आयोजित आमसभामा बोल्दै उनले संविधान जोगाउन प्रतिनिधिसभा पुनःस्थापनाको मागमा सहमति गर्न दलहरूसँग आग्रह गरे ।

ओलीले राजनीतिक संकट समाधानको एकमात्र विकल्प प्रतिनिधिसभा पुनःस्थापना भएको बताउँदै त्यहीबाट राजनैतिक संकट समाधानको प्रस्थान विन्दु तय हुने बताए । 'म सबै दललाई आग्रह गर्न चाहन्छु, कुनै आग्रह, पूर्वाग्रह प्रतिशोध र संकीर्णता नसोचौं । बडो दुःख गरेर ल्याएको संविधान जोगाउनका लागि प्रतिनिधिसभा पुनःस्थापनाको मागमा जाऔं ।'–उनले भने ।

ओलीले प्रतिनिधिसभा विघटनको सिफारिस नै असंवैधानिक भएकाले सर्वोच्च अदालतले पुनःस्थापना गर्ने विश्वास व्यक्त गरे ।

उनले असंवैधानिक सरकारको पछि लागेर जन्ती नबन्न दलहरूसँग आग्रह गरे । 'असंवैधानिक सरकारको पछि पछि जन्ती जस्तो नहिँडौं । जन्तीले पाउने के हो ? त्यही एक छाक खाजा वा खाना ? राजनीतिक पार्टीको काँधमा देशप्रतिको उत्तरदायित्व छ, यस्तो सरकारको जन्ती हुन सुहाउँदैन् ।'-उनले भने ।

ओलीले जेनजीका माग पूरा गर्न वर्तमान सरकारलाई बिदा गर्नुपर्ने बताए । 'यो सरकार आफूलाई जेनजी भन्छ, जेनजी आफैंले राष्ट्रपतिकोमा डेलिगेसन गएर भनेका छन् । यो सरकार हटाउनु पऱ्यो भनेर माग गरेका छन् । राष्ट्रपतिज्यू अस्ति जेनजीका माग भनेर यो सकार जडान गर्नुभयो । जेनजीको माग बमोजिम यो सरकार किन बिदा गर्नु हुन्न ?,' -ओलीले प्रश्न गरे ।

अवैध ढंगले संविधान बाहिरबाट बनेको सरकारलाई विस्थापित गर्नका लागि प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्ने ओलीले बताए ।

प्रतिनिधिसभा पुनःस्थापनाका लागि जनमत सृजना गर्न भन्दै एमालेले शनिबार काठमाडौंमा जनसभा आयोजना गरेको हो ।

ओलीले बारामा पार्टीनिकट युवा संघले गरेको शान्तिपूर्ण सभामा दखल पुऱ्याउन खोजिएको बताएका छन् । उनले शान्तिपूर्ण कार्यक्रम राखिएको र एमालेका केन्द्रीय नेताहरू बारा जाने कार्यक्रम तय भएकाले प्रदर्शनकारीहरूले सिमरा विमानस्थलमै हमला गरेको बताए ।

उनले त्यहाँ अरू दलले एमालेमाथि हमला गरेको आरोप पनि लगाए । बारामा माओवादी राप्रपा र रास्वपालगायतले हमला गरेको उनको भनाइ छ । 'शान्तिपूर्ण सभामा कसैले दखल दिन मिल्छ ? तर गरे । हाम्रा नेताहरू जान्छन् भनेर एयरपोर्टमा हमला गरे । गराइयो ।'– उनले भने ।

उनले सरकारले पनि एमालेमाथि हमला नगरेको भनेर बाराको प्रहरी प्रमुखलाई नै हेडक्वार्टर तानिएको पनि बताए । 'उनीहरूसँग मिलेर प्रहरीले एमालेमाथि हमला गरेन भनेर एसपीलाई तानियो । यो तमासा होइन ?'-उनले भने ।

अध्यक्ष ओलीले अरूलाई नगर्नू भनेर सरकार आफैले उत्तेजना फैलाएको आरोप लगाए । उनले एमालेलाई नजिस्क्याउन पनि चेतावनी दिए । उनले भने–'एमालेलाई उत्तेजित बनाउने



जिस्क्याउने काम नगर्नुस् । लोकतन्त्रलाई योभन्दा बढी आक्रमण गर्न सकिन्छ भनेर भ्रम नपाल्नुस् । यो भन्दा बढी अगाढि बढ्छु भन्ने ठान्नुहुन्छ भने तपाईंहरूका लागि पनि हितकर हुने छैन् ।'

सरकारले दलका १२५ जनासँग छलफल गरेको भनेर ड्रामा गरेको उनले बताए । चुनावको वातावरण बनाउन सरकार गम्भीर नभएको उनको आरोप छ ।

एमाले महासचिव शंकर पोखरेलले देशमा प्रतिगमन भएको भन्दै एमालेले लोकतन्त्रको दिशामा अघि बढाउने बताए । जेनजी विद्रोहपछि भएको परिवर्तन जनताको नभएको उनको दाबी छ ।

'भदौ २३ र २४ गते जति मानिसहरू सडकमा आएर विध्वंश मच्चाए, त्यसको चार गुणा धेरै मान्छे एमालेको एकल आह्वानमा सडकमा आइरहेका छन् । यो परिवर्तन जनताको परिवर्तन होइन् । यो आतङ्क र हिंसाबाट गरिएको परिवर्तन हो ।'–उनले भने ।

संविधानलाई क्रियाशील बनाउन प्रतिनिधिसभा पुनःस्थापनाको विकल्प नभएको उनको भनाइ छ । विध्वंसको जगमा खडा भएको सरकारले चुनाव गराउन नसक्ने उनले बताए । उनले मंसिर २७ गते महाधिवेशन उद्घाटनमा भव्य बनाउने तयारी भइरहेको बताए ।

'महाधिवेशन उद्घाटन समारोह नेपालको इतिहासमै सबैभन्दा धेरै जनताको जमघट भएको समारोहका रूपमा देखाउन चाहन्छौं ।'–उले भने ।

महासचिव पोखरेलले भदौ २३ र २४ लाई प्रतिक्रान्ति भन्दै त्यसपछिको परिवर्तन राजनीतिक नभएर हिंसा,तोडफोड र आगजनीबाट गरिएको आरोप लगाए ।

पोखरेलले भने-भदौ २३ र २४ गतेको दिन जति मानिसहरू सडकमा आएर विध्वंस मच्चाए, त्यसको चार गुणा धेरै मानिसहरू एकल आह्वानमा सडकमा आइसकेका छन् । यो परिवर्तन जनताको परिवर्तन जनताको परिवर्तन होइन्, जनताको परिवर्तन हुन्थ्यो भने जनताको सहभागिता हुन्थ्यो । यो त आतंकद्वारा गरिएको परिवर्तन हो । हिंसाद्वारा गरिएको परिवर्तन हो ।'

## चुनावमा भाग लिने कांग्रेसको निर्णय

बुटवल । नेपाली कांग्रेसले आगामी प्रतिनिधिसभा निर्वाचनमा भाग लिने निर्णय गरेको छ ।

शनिबार बसेको केन्द्रीय कार्यसमिति बैठकबाट कांग्रेसले २१ फागुनका लागि तय भएको निर्वाचनमा भाग लिने निर्णय गरेको हो ।

'२०८२ फागुन २१ गते हुने गरी प्रतिनिधिसभाको निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा वर्तमान राजनीतिको उचित विकास निर्वाचनको हो भन्ने ठहर गर्दै नेपाली कांग्रेस निर्वाचनमा भाग लिएर निर्णय गर्दछ ।'- बैठकमा महामन्त्री गगनकुमार थापाले भने ।

कांग्रेसले ११ माघदेखि हुने राष्ट्रियसभा निर्वाचन र २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनको प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने पनि निर्णय गरेको छ ।

'२०८२ साल माघ ११ गते आइतबारदेखि हुने राष्ट्रियसभा सदस्य निर्वाचन र २०८२ साल फागुन २१ गते बिहिबारका दिन हुने प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि नेपाली कांग्रेसलाई निर्वाचन आयोगमा तत्काल दर्ता गर्ने निर्णय गर्दछ ।'- महामन्त्री थापाले भने । कांग्रेस वैठकले पार्टीको महाधिवेशनबारे भने निर्णय गर्न सकेको छैन । चुनाव अघि महाधिवेशन नगरे आफूहरु चुनावमा उम्मेदवार नबन्ने महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले घोषणा गरेका छन् ।

## वडाध्यक्षले मुआब्जाको सिफारिस नदिएर हैरान वृद्ध गुरूङ



नवलपरासी । पूर्वी नवलपरासीको विनयीत्रिवेणी गाउँपालिका-२ सुनटाडी दुम्किबासका ८२ वर्षीय लालबहादुर गुरुङ एउटा सिफारिसका लागि वडा कार्यालय धाइरहनु पर्दा हैरान भएका छन् । आफू जस्तै हाइटेन्सन प्रशारण लाइनका प्रभावित तीन दर्जन घरधुरीले मुआब्जा पाइसके पनि गुरुङलाई वडा कार्यालयले सिफारिश नदिँदा उनले अनावश्यक सास्ती खेपेका छन् । वडा कार्यालयबाट जग्गा प्रमाणित सिफारिस दिनुको साटो वडाध्यक्ष पुष्पा आलेले पुरानो मुद्दाको प्रतिशोध सांधेर सिफारिश नदिई पटक-पटक फर्काइदिँदा पीडित बनेको वृद्ध गुरुङले गुनासो गरे ।

नेपाल-भारत विद्युत् प्रसारण लाइनको हेटौंडा-बर्दघाट २ सय २० केभी आयोजनाले निर्माण गरेको टावर नं १९९ र टावर नं २०० बाट प्रभावित बनेका गुरुङले मुआब्जाका लागि वडाबाट सिफारिस नपाउँदा उनी पीडित बनेका हुन् ।

टावर निर्माणमा क्रममा स्थानीयको अवरोध र मुआब्जाका वितरणका कारण आयोजनाको काम लम्बिएको थियो । आयोजना प्रभावित क्षेत्रका स्थानीय ३९ जना प्रभावितमध्ये ३८ जनाले मुआब्जा पाइसकेका छन्, तर गुरुङलाई वडा कार्यालयबाट सिफारिस नपाउँदा मुआब्जा पाउन सकेका छैनन् ।

अदालतले प्रभावितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन निर्देशन दिएको भए पनि वडाध्यक्षले व्यक्तिगत रिस वा अन्य कारण देखाउँदै सिफारिस नदिएको गुरुङको आरोप छ ।

प्रसारण लाइन बिस्तारका क्रममा स्थानीय जनताले टावर बस्तिभन्दा बाहिरबाट लैजान भन्दै सर्वोच्च र उच्च अदालत पाटनमा मुद्दा हालेका थिए । दुबै अदालतबाट मुआब्जा दिएर कम अगाडि बढाउन आयोजनालाई बाटो खुल्ला गरिएपछि ३८ जनाले मुआब्जा पाइसकेका छन् । र प्रशारण लाइन विस्तारको काम पनि पूरा भएको छ । तर वडा अध्यक्षले एक जनाको मात्र सिफारिस नदिएर अन्याय गरेको पीडितको गुनासो छ ।

वडाध्यक्ष पुस्पा आले मगरले पहिले मुआब्जा नलिएर कानुनी प्रक्रियामा गएकाले अदालतको फैसलाको पूर्णपाठ आएपछि मात्र सिफारिस दिने प्रतिक्रिया दिइन् ।

मुआब्जा पाउनुपर्ने गुरुङले २०८१ भदौ ८ गते सिफारिसका लागि वडा कार्यालयमा निवेदन दिएका थिए । लामो समयको विवाद पछि यो आयोजना सम्पन्न हुन १५ वर्ष लागेको थियो । सर्वोच्चले मुआब्जा दिनुपर्ने पैसाला गरिसको अवस्थामा वडाले सिफारिस रोक्ने काम अन्यापूर्ण भएको वृद्ध गुरुङका आफन्त भलक गुरुङले बताए ।

'सिफारिश लिन पटक-पटक धाउँदा पनि विभिन्न बहाना बनाएर वडाध्यक्षले सिफारिश नदिएपछि वृद्ध लालबहादुर स्वास्थ्य र उमेरका कारण वडामा धाउन सक्नुभएको छैन,' भलकबहादुरले भने-'म आफैं पनि तीन चार पटक वडामा गएर अनुरोध गर्दा समेत उहांले पुरानो मुद्दाको कुरा भिकेर व्यक्तिगत रिसिइबी सांधेर सिफारिश दिनुभएन ।'

अरु ३८ जनाले पाउँदा एक जनालाई मात्र सिफारिश रोक्दा समेत गाउँपालिका अध्यक्षले समेत पहल नगरेपछि वडाध्यक्षविरुद्ध कानुनी उपचार खोज्ने तयारीमा गुरुङ परिवार पुगेको छ ।



## सम्पादकीय

# प्रहरी सक्रियताले जगाएको आशा

सीमा पारिबाट हुँदै आएको तस्करी नियन्त्रण गरी राजस्व संकलन गर्न प्रहरीको सक्रियता प्रशंसनीय छ । गत बैशाखदेखि कार्तिकसम्म २२ करोड ८८ लाख रुपैयाँको अवैध सामान प्रहरीले बरामद गरेको छ । यो परिमाण हेर्दा खुला सीमाको प्रयोग गर्दै अवैध ओसारपसार भइरहेको र त्यो नियन्त्रण गर्न प्रहरी सक्रिय भएको देखिन्छ ।

रूपन्देहीमा नेपाल-भारतबिचको खुला सीमा ७० किमि लामो छ । भैरहवा भन्सार कार्यालय विन्दुबाट बाहेक अरु क्षेत्रबाट अवैध ओसारपसार गर्न कारोबारी सक्रिय हुँदै आएका छन् । अबैध कारोबार नियन्त्रण गर्न सशस्त्र प्रहरीलाई सरकारले सीमा क्षेत्रमा खटाएको छ । सशस्त्र प्रहरी बाहेक नेपाल प्रहरीको छुट्टै सक्रियता छ । दुई प्रहरी युनिटको एकीकृत र समन्वयात्मक परिचालन हुने हो भने अवैध कारोबार नियन्त्रण हुनसक्छ, तर समन्वयात्मक परिचालन हुन सकिरहेको छैन । जेनजी आन्दोलनपछि प्रहरीको मनोबल खस्केको छ । प्रहरीप्रति अवैध कारोबारी हावी हुन खोजिरहेको बेला प्रहरीले जुन सक्रियता देखाएको छ, यसले समाजमा सकारात्मक छवि निर्माण गरेको छ । अवैध कारोबार मौलाउँदा मुलुकले अपेक्षित राजस्व संकलन गर्न सक्तैन् नै, समाजमा अपराध पनि मौलाउँछ । समाजलाई अपराध मुक्त बनाउनका लागि पनि अवैध कारोबार रोक्नुपर्छ । प्रहरीले अवैध कारोबार नियन्त्रणका लागि अहिले देखाएको सक्रियताले प्रहरीप्रति विश्वास बढेको छ । यद्यपी अहिलेको सक्रियताले मात्रै समाजमा मौलाउँदो अवैध कारोबार नियन्त्रण हुँदैन्, प्रहरी सक्रियताको रफ्तार अझै बढाउन आवश्यक छ । अवैध कारोबार नियन्त्रण गर्न प्रहरी एक कदम अघि बढ्दा अवैध कारोबारी दुई कदम अघि बढ्ने स्थिति छ । अवैध कारोबारीले नयाँ खालको संयन्त्र तयार गरिरहेका हुन्छन्, उनीहरुलाई निस्तेज पार्न प्रहरीलाई साधन स्रोतले मजबुत बनाउनुपर्नेछ । प्रविधिको प्रयोगलाई विस्तार गर्दै जाँदा समाजमा प्रहरीको भूमिका अब्बल बन्दै जानेछ ।

सशस्त्र प्रहरी बल र नेपाल प्रहरीबिच कतिपय काममा टकराव बढेको र क्षेत्राधिकारमा प्रश्न उठेकोले तालुक निकायले समन्वयको वातावरण बनाउन ध्यान नदिने हो भने त्यो द्वन्द्वको फाइदा अबैध कारोबारीले उठाउने छन् । जे भइरहेको छ, राम्रो भएको भनेर ढुक्कले बस्ने होइन्, अझै राम्रो गर्न र गराउनका लागि पहलकदमी हुन सक्दा मात्रै प्रहरीले जिम्मेवारी पूरा गर्न सक्छ ।

# बुद्धिजीवी के हो ? मार्क्सवादी र बुर्जुवा बुद्धिजीवीमा भिन्नता



एच.के. श्रेष्ठ

मानव समाजका बौद्धिक इतिहासले प्रष्ट गरेको तथ्य के हो भने सामान्य मानवतावादी चिन्तक एवम् विचारकहरूले धेरै अघिदेखि मनुष्यको प्रतिष्ठा एवम् अधिकारहरूको सम्मान, साधारण जनताहरूको हित र कल्याणप्रति चासो र त्यसका लागि आवश्यक पर्ने सामाजिक परिस्थितिको निर्माणको चिन्ता, शोषण उत्पीडन एवम् सामाजिक भेदभाव जस्ता समाजका खराबीहरूको आलोचना र वर्गीय समाजमा समाजको मानव विरोधी स्वरूपको विरोध आदिलाई सार्वजनिक रूपबाट मुखरित गर्दै आएका छन् । यसरी बुद्धिजीवीहरूले समाजमा विशिष्ट सार्वजनिक भूमिका भएको खास सन्देश, निश्चित दृष्टिकोण, ठोस अनुभूति, कुनै दर्शन वा विचार र खास जनसमूहलाई प्रतिनिधित्व गर्ने मूर्तरूप दिने र राम्ररी प्रस्तुत गर्ने क्षमतासहितको प्रतिनिधित्व गर्दछन् र आफ्ना यस आस्थाको अनुशरण अरूहरूले गरून् भन्ने पनि उनीहरू चाहन्छन् । त्यतिमात्र नभएर आफूना आस्थाप्रतिको अत्यन्त दरिलो इमानदारिता, सचरित्रताका कारण उनीहरू जनस्तरमा मान्य हुन्छन् र यस्ता प्रतिबद्धता र खतरा, निर्भीकता र बाध्यता दुवै गाँसिएका हुन्छन्

बुद्धिजीवीको परिभाषित गर्ने कुराजटिल हो तथापी सूत्र रुपमा भन्नुपर्दा जीवन र जगतलाई बुझ्ने क्षमता र तार्किक चेष्टा राख्ने व्यक्ति नै बुद्धिजीवीमा भित्र्याइन्छ । तसर्थ समाज विकासको बाटो पहिल्याई दिने काम र मार्ग निर्देश गर्ने बुद्धिजीवीले गर्दछ । यसै मानेमा अन्य मानिससँग आधारभूत अन्तर हुनुपर्दछ । समाज विकासको क्रममा राज्यसत्ताको उत्पत्ति भएदेखि बुद्धिजीवीको महत्व र भूमिका आएको पाइन्छ । यद्यपी वर्गीय हिसाबले नकरात्मक र सकरात्मक हुन्छ । अर्को शब्दमा, शासक र शासितबिचको वर्ग विभाजनलाई गहिराइका साथ बझ्न र विश्लेषण गर्ने काम बुद्धिजीवीले नै गर्न सक्दछ । यस क्रममा बुद्धिजीवी स्वयं पनि अलग-अलग वर्गको पक्षपोषण गर्ने गरी आफैंमा विभाजित हुँदै आएका छन् । एकथरी बुर्जुवा बुद्धिजीवी शासकहरुको इच्छानुसार राज्यसत्ता टिकाइ राख्ने सूत्रहरुको खोजीमा रहन्छन्, चाहे त्यो जतिसुकै अन्यायपूर्ण किन न होस् । उनीहरुको प्रयत्न मानिसको चेतनामा आउनसक्ने अग्रगामी परिवर्तनलाई भुत्ते पार्नुमा रहन्छ । जसबाट समाज यथास्थितिमा रहेर शासन सत्ता लामो समयसम्म टिक्दछ । यसको लागि शासकवर्गले केही बुद्धिजीवीसँग सत्तासाझेदारी पनि गरेका हुन्छन् भने केहीलाई भाडामा लिएर उपयोग गरेका हुन्छन् । यस्ता बुद्धिजीवीहरुको स्वविवेक गुमेको हुन्छ । जनताको पीर मर्का, ठीक बेठीक, न्याय-अन्यायसँग उनीहरुको कुनै सरोकार रहँदैन । तृच्छ भौतिक सुविधाको स्वार्थमा रमाउनु नै उनीहरुको जीवन हो । तुलनात्मक रुपमा यिनीहरुको संख्या सीमित रहन्छ । अर्को मार्क्सवादी बुद्धिजीवीहरु समाजको पिछडिएको वर्तमान अवस्था र यसको अग्रगामी विकासका सम्भावनाहरुलाई गहिराइसँग नियालिरहेको हुन्छ । अग्रगामी चेतनालाई समाजमा प्रवाहित गर्नमा यी बुद्धिजीवी प्रयत्नशील रहन्छन्, तर राज्यसत्तामा सहभागी नरहेको कारण साधन र श्रोतको अभावमा यस्ता बुद्धिजीवीहरुले परिवर्तनकारी विचार विस्तारमा अनेकन कठिनाइको सामना गर्नुपर्दछ ।

शोषण र अन्यायमा टिकेको राज्यसत्ता र यसका शासक वर्गको लागि यी विचारले बमगोलाको काम गर्दछन् । तसर्थ प्रगतिशील विचार राख्ने बुद्धिजीवीले आर्थिकलगायत अनेकन नाकाबन्दीको सामना गर्नुपर्ने मात्र नभई प्रशासनिक दमन पनि झेल्नु पर्ने हुन्छ । कतिपय अवस्थामा भौतिक रुपमा समाप्त हुने स्थिति पनि आउँछ । शोषण र अन्यायको विरोध मात्र नभइ समाजलाई समुन्नत तुल्याउने अग्रगामी सोंचका कारण यस्तो विचार सशत्त रहन्छ । समाज विकासको इतिहासमा यस्तो प्रगतिशलि विचार प्रवाहित गर्ने बुद्धिजीवी स्वतःस्फुर्तरुपमा देखिंदै आएका पाइन्छन् । तर विशेष गरी १९औं शताब्दीको मध्यतिर १८४८ मा कम्युनिष्ट घोषणापत्र जारी भएपछि मार्क्सवादी बुद्धिजीवीहरुले नै यस्तो अग्रगामी सोंचको नेतृत्व गरी आएका छन् । जसको व्यवहारिक कार्यान्वयन भने मार्क्सवादी सिद्धान्तले लैस कम्युनिष्ट पार्टीले गर्ने हो । यसप्रकार समाज वा देशमा शोषणका आधारमा टिकेका व्यवस्था कायम राख्न उपयोग हुँदै आएका बुद्धिजीवीलाई प्रतिगामी, पुँजीवादी वा बुर्जुवा बुद्धिजीवी भनिन्छ भने न्यायपूर्ण शोषणविहीन व्यवस्था ल्याउने विचार प्रवाहित गर्ने अर्काथरी बुद्धिजीवीलाई प्रगतिशील वा मार्क्सवादी बुद्धिजीवी भनिन्छ । जुनसुकै प्रकारको राजनैतिक प्रणाली देशमा भए पनि त्यससँग सम्बन्धित बुद्धिजीवीलाई त्यहाँ उपयोग गरिएको हुन्छ । यसै कुरालाई ध्यानमा राखी माओले बुद्धिजीवीलाई पार्टीमा भर्ती गर्ने कुरालाई विशेष रुपमा उठाएका रहेछन् । प्रगतिशील शासन प्रणाली कायम राख्ने र प्रतिक्रान्ति हुन नदिन ती बुद्धिजीवीलाई संगठनमा सामेल गरिएको हो ।

वर्ग विभाजित समाजमा बुर्जुवा र मार्क्सवादी बुद्धिजीवीहरुका आ-आफ्नै खास विशेषता, मूल्य र मान्यताहरु हुन्छन् । हुन त यी विशेषताहरु देश काल र परिस्थितिअनुसार सापेक्षिक भएता पनि अहिले मुख्य फरक निम्नानुसार देख्न सकिन्छ ।

**बुर्जुवा बुद्धिजीवीका मान्यताहरू :**

उपाधिः उनीहरुको बौद्धिकस्तर नाप्ने संयन्त्र विश्वविद्यालयले प्रदान गर्ने डिग्री वा उपाधि हो । उनीहरुको मान्यतामा जीवन जगतलाई बुझ्ने र अग्रगामी सोंच राख्ने कुरासँग खास सरोकार छैन । तसर्थ किसान वा मजदुरलाई उनीहरु कहिले पनि बुद्धिजीवीको श्रेणीमा राख्दैनन् । बुर्जुवा शैक्षिक प्रमाणपत्रको आधारमा बजारमा बिक्नु वा प्रतिक्रियावादी वर्गको वा राज्यसत्ताकै सेवक भएर हिंड्नु नै बुद्धिजीवी हुन हो । जो मान्यता आज उनीहरुकै निम्ति अभिशाप भइसकेको छ । कारण शैक्षिक प्रतिष्ठानहरुलाई उनीहरु स्वयंले व्यापारिक संस्थाको रुपमा फेरिसकेका छन् । जहाँ पैसाकै बलमा मेडिकल डाक्टर, इञ्जिनियरिङ्ग जस्ता उपाधिको समेत किनबेच हुनुले असमयमै पुल, भवन भत्किनु, उपचार उल्टो भएर मान्छै मर्नु प्रमाण हो ।

आर्थिक स्वच्छन्दताः बुर्जुवा बुद्धिजीवीहरु आज अनियन्त्रित आर्थिक स्वतन्त्रताको वकालत गर्दै हिंडेका छन् । पुँजीवादी मुलुकको प्रचारबाजीमा आएर निजीकरण र उदार एवं खुला अर्थतन्त्रको वकालत गर्नु सामान्य र अनिवार्य ठान्दछन् । जबकि अमेरिका जस्तो पुँजीवादीहरुलाई नेतृत्व प्रदान गर्ने मुलुक समेत बाह्य प्रभावबाट आफ्नो मुलुकलाई नियन्त्रणमा राख्न चाहन्छ । निजीकरण र खुला अर्थतन्त्रको मोहले नेपाल जस्तो विकासोन्मुख मुलुक आर्थिक, सामाजिक, साँस्कृतिक एवं राजनैतिक अस्तव्यस्तताको परिणाम स्वरुप उद्योग उवं व्यापारमा माफियाकरण भएर सिङ्गो देशको साधन र श्रोत सीमित व्यक्तिको मुठ्ठिमा गइ बैकिङ्ग क्षेत्र नै धाराशायी भइसकेको छ । शिक्षा, स्वस्थ्य जस्ता क्षेत्रमा गरिएको व्यापारीकरणले बुद्धिजीवीहरुलाई समेत निर्जीव बस्तुको रुपमा प्रस्तुत गरी सामाजिक मूल्य मान्यतालाई नै ध्वस्त पारिदिएको छ । खाने-लाउने वस्तु त राम्रो नराम्रो छुट्याएर किन्न र प्रयोग गर्न जटिल भएको छ भने मानव संसाधनको रुपमा रहेको बुद्धिजीवीको मूल्याङ्कन आम जनताले कसरी गर्न सक्दछन् । त्यस्तै साँस्कृतिक छाडापन भित्र्याएर बुर्जुवा बुद्धिजीवीहरुले साँस्कृतिक मूल्य मान्यता समेत ध्वस्त पारेर समाजलाई कोका-कोला, ड्रगस, एचआइभी संक्रमणतर्फ लगिरहेको छ । खुलापनको नाममा बुर्जुवाहरुले ठाडो वैदेशिक हस्तक्षेपलाई निम्त्याएर देशलाई विदेशीहरुको चलखेल गर्ने राजनैतिक अखडामा बदलिएका छन् । जनतालाई निरीह द्रष्टाको रुपमा राख्ने प्रयत्न भइरहेको छ ।

गैर सरकारी संघ संस्थाहरुमा खुला चलखेल : यसमा पनि बुर्जुवा बुद्धिजीवीहरुको महत्वपूर्ण विशेषता हुनपुगेको छ । यसको आधारभूत चरित्र भनेकै समाज सेवा एवं मानव अधिकारको नाममा वैदेशिक सरल रकमको प्रलोभनमा सिङ्गो बौद्धक जगतलाई अनुत्पादक क्षेत्रमा संलग्न गराई सदाको लागि परनिर्भर बनाइराख्नु हो । यसको प्रभाव नेपालमा बढिसकेकोले देशमा सिङ्गो वैकल्पिक अर्थतन्त्र सञ्चालन गरिरहेको छ । संसदीय राजनैतिक दलहरुको अकर्मण्य चरित्रका कारण यो क्षेत्र राजनैतिक रुपमा समेत हावी हुन थालेको छ । कुनै पनि सरकारी निकायभन्दा यो बढी व्यवस्थित बन्दै गएको छ । जुन देशको भविष्यको लागि राम्रो लक्षण होइन ।

**मार्क्सवादी बुद्धिजीवीका मान्यताहरुः**

ऐतिहासिक भौतिकवादः मार्क्सवादी मान्यता अनुसार ती सबै व्यक्तिलाई समाजमा बुद्धिजीवीको दर्जामा राखिन्छ जसले समाज र यसको विकासक्रमलाई ऐतिहासिक भौतिकवादी दृष्टिकोणले हेर्ने, विश्लेषण गर्ने र व्याख्या गर्ने गर्दछ । तुच्छ बुर्जुवा विश्वविद्यालयबाट प्रदान गरिने उपाधिको त्यहाँ खासै मूल्य हुँदैन । मजदुर होस् वा किसान शिक्षक होस् वा राष्ट्र सेवक कर्मचारी, व्यापारी होस् वा उद्योगपति जीवन र जगतलाई हेर्ने द्वन्द्ववादी दृष्टिकोण छ भने उसलाई बुद्धिजीवीको दर्जामा पर्दछ । समाजमा चलिरहने अन्तरविरोधको सही पहिचान गरी त्यसलाई अग्रगामी निकास दिने क्षमता राख्नु नै सबैभन्दा योग्य हुनु हो । उसले संसारलाई नै बदल्ने नयाँ सन्देश दिन सक्दछ । त्यसको निम्ति कुनै भाषा वा विज्ञानका सुत्र जानिरहनु पर्दैन ।

श्रमप्रतिको सम्मान : मार्क्सवादी बुद्धिजीवीको सबैभन्दा महत्वपूर्ण दृष्टिकोण भनेको श्रमप्रतिको सम्मान हो । डाक्टर, इञ्जिनियर, शिक्षक, किसान, मजदूर , कर्मचारी सबैको सेवालाई समदृष्टिमा राखेर हेर्नु ने उनीहरुको विशेषता हो । उनीहरुको आर्जनलाई पनि समान तुल्याउने दृष्टिकोण माकर्सवादी बुद्धिजीवीको हुनुपर्दछ । आफू स्वयं पनि कुनै न कुनै प्रकारको श्रमसँग जोडिनु र संलग्न हुनु तथा अरुलाई पनि समभावले हेर्नु मार्क्सवादी बुद्धिजीवीको खास विशेषता हो ।

नियन्त्रित अर्थतन्त्रः हुनत सबै क्षेत्रलाई नियन्त्रण गर्ने राजनीति हो । तर मार्कर्सवादहिरले आर्थिक क्षेत्रलाई विशेष महत्व दिन्छन् । कारण आर्थिक सम्पन्नता विना समाजवादी लक्ष सम्भव छैन । तसर्थ मार्क्सवादी बुद्धिजीवीहरु जहिलेसुकै पनि नियन्त्रित अर्थ व्यवस्थाको पक्षमा रहन्छन् । माथि नै उल्लेख भइसकेको छ कि पुँजीवादी मुलुक समेत अनियन्त्रित खुला अर्थतन्त्रको नीति अवलम्बन गर्न सब्दैनन् भने नेपालमा खुला अर्थतन्त्र र पूर्ण उदारीकरणले देश दिनानुदिन परनिर्भर बनदै जान्छ । मार्क्सवादी बुद्धिजीवीहरु जनताको आधारभूत क्षेत्र शिक्षा र स्वस्थ्यमा हुने व्यापारीकरणको अन्त्य चाहन्छन् भने उद्योग व्यापारमा पुँजीवादी जनवादी कालभरी निजी र सरकारी क्षेत्रलाई सँगसँगै हिडाउने पक्षमा हुन्छन् । जबकि कृषि क्षेत्रको विकासको लागि एकमात्र विकल्प शहकारीकरण वा सामूहिकी करण हो । कारण कृषिमा आधुनिकीकरण गरेर उत्पादन बढाउन टुक्रे जमीनमा सम्भव छैन, ठूला ठूला कित्ता हुनु अनिवार्य छ ।

समग्रमा भन्नु पर्दा मार्क्सवादी बुद्धिजीवीहरु बुर्जुवा बुद्धिजीवीको तुलनामा सबै मानेमा अगाडि रहन्छन् । तर आजकाल मार्क्सवादको अध्ययन मात्र गरेर माक्सृवादी पण्डित बन्ने फेसन पनि प्रसस्त पाइन्छ । तसर्थ मार्क्सवादको ज्ञानमात्र आर्जन नगरी त्यसलाई आत्मसात समेत गरेर व्यवहारमा सोअनुसारको आचरण समेत गर्ने क्रान्तिकारी मार्क्सवादी बुद्धिजीवीलाई मार्क्सवादी पण्डितहरुभन्दा अलग दृष्टिले हेर्न जरुरी छ । क्रान्तिकारी मार्क्सवादी राजनीति यति वैज्ञानिक र व्यावहारिक छ कि सानो अवधिमा नै त्यसलाई आत्मसात गर्ने व्यक्ति वा पार्टी जुरुक्क उचालिन्छ, तर यो उचाई कायम राख्न उसमा जीवन पर्यन्त त्यागको आवश्यकता पर्दछ । जसलाई मार्क्सवादी बुद्धिजीवीले आत्मसात गर्नु जरुरी छ ।

वर्तमान राजनैतिक सन्दर्भः नेपालको इतिहासमा पनि बुद्धिजीवीहरु दुई खेमामा विभाजित हुँदै आएका छन् । पृथ्वीनारायण शाहको नेपाल एकीकरणदेखिको समयलाई लिंदा लखन थापा, कृष्णलाल अधिकारी, गंगालाल, दशरथ चन्द, शुक्रराज, धर्मभक्त आदि जस्ता केही परिवर्तनकामी बुद्धिजीवी बाहेक अधिकांश बुद्धिजीवी सामन्ती राज्य व्यवस्थाकै अनुकूल विचार व्यक्त गर्नमा रमाएको पाइन्छ । केही भने बाध्यतावश मौन थिए । कैयौं दमनको शिकार भएर इतिहासमै नआएको पनि हुन सक्छ । वि.सं. २००६ सालदेखि मार्क्सवादी बुद्धिजीवीहरु नै संगठित भएर सामान्ती व्यवस्थाको विरुद्ध संघर्ष गर्नथालेको पाइन्छ । हुनत कांग्रेस निकट बुद्धिजीवीहरुले पनि संघर्ष गरेको र गर्दै आएका छन्, तर उनीहरुको संघर्ष सामान्तवादसँग सम्झौतापरस्तर रही सत्तामा आफ्नो भाग सुनिश्चित गर्ने उद्देश्यबाट मात्र अभिप्रेरित रहँदै आएको छ । बुर्जुवा बुद्धिजीवीहरुको ध्येय सत्ताको हड्डी कुरेर बस्ने र आफ्नो स्वार्थमा सत्तासिनलाई परिचालित गर्ने हुन्छ । जसले गर्दा सत्तासिनहरुमा दुर्घटना हुँदै आएको छ । पञ्चायतको सरकार तथा राजा वीरेन्द्रको सत्ता उल्टिनु, राजा ज्ञानेन्द्रको सत्ता र राजतन्त्रकै अन्त्य हुनु र अन्य कुनै पनि पार्टीको कुनै पनि नेतृत्वको सरकार तथा हाल ओली सरकारको पतन गराउनेमा उनै बुजुर्वा बुद्धिजीवीहरुको खराब सल्लाह र भूमिका नै हो ।

# स्वस्थ जीवनका लागि सन्तुलित भोजन र व्यायाम

पुस्कर राज जोशी

'स्वास्थ्य नै सम्पत्ति हो' भन्ने भनाइ आज पनि उत्तिकै सान्दर्भिक छ । हाम्रो शारीरिक, मानसिक, र सामाजिक समृद्धिको मूल आधार भनेकै हाम्रो स्वास्थ्य हो । स्वस्थ जीवनशैलीको मूलमा दुई आधारभूत तत्वहरू हुन्छन् - सन्तुलित भोजन र नियमित व्यायाम । यी दुईलाई जीवनमा अपनाएमा दीर्घकालीन रूपमा हामी स्वस्थ, ऊर्जावान र सशक्त रहन सक्छौं । सन्तुलित भोजन भन्नाले यस्तो आहारलाई जनाउँछ, जसले शरीरलाई सबै आवश्यक पोषकतत्वहरू–कार्बोहाइड्रेट, प्रोटिन, बोसो, भिटामिन, खनिज पदार्थ, फाइबर, र पानी उचित मात्रामा प्रदान गर्छ ।

**सन्तुलित खानाले निम्न कुराहरू सुनिश्चित गर्छः**

- ऊर्जा प्राप्ति
- रोग प्रतिरोधात्मक क्षमता वृद्धि
- अंगहरूको उचित कार्य संचालन
- तौल सन्तुलन
- मानसिक स्वास्थ्यमा सुधार

**सन्तुलित भोजनको महत्त्व**

- सन्तुलित भोजनले जीवनका हरेक पक्षमा सकारात्मक असर पार्दछः
- बाल्यकालदेखि वृद्धावस्थासम्म विकासलाई समर्थन
- रोगबाट बच्ने क्षमता वृद्धि
- मोटोपन वा कुपोषणबाट बचाउने
- मधुमेह, मुटु रोग, उच्च रक्तचापजस्ता दीर्घ रोगबाट जोगाउने
- पाचन क्रिया सुधार
- मानसिक स्पष्टता र भावनात्मक सन्तुलन

**सन्तुलित भोजनका २० उपयोगी सुझावहरू**

१. बिहान उठ्नेबित्तिकै मनतातो पानीमा कागती मिसाएर पिउनुहोस् ।
२. पेट सफा गर्न तातो चिया वा कफी पिउनु फाइदाजनक हुन्छ ।
३. दैनिक ताजा फलफूल र हरियो सागसब्जी खानुहोस् ।
४. गेडागुडी, दाल, पत्तेदार साग जस्ता फाइबरयुक्त खाना बढि खानुहोस् ।
५. दाल, अण्डा, माछा, तोफु, कुखुराको मासुबाट प्रोटिन लिनुहोस् ।
६. दिनभरमा कम्तीमा ८-१० गिलास पानी पिउनुहोस् ।
७. समयमै खाना खाने बानी बसाल्नुहोस् ।
८. धेरै नुन र चिनी कम गर्नुस् ।
९. कम तेल, कम मसला प्रयोग गरी पकाउनुहोस् ।
१०. उमाल्ने, बाफमा पकाउने विधि अपनाउनुहोस् ।
११. डिप फ्राइड र अत्यधिक तारेको खाना कम गर्नुहोस् ।
१२. प्याकेटको खाना किन्दा पोषण मूल्य पढ्नुहोस् ।
१३. बेलुकाको खाना हल्का र चाँडो खानुहोस् ।
१४. प्रशोधित चिनी, चिप्स, जंक फुडबाट टाढा रहनुहोस् ।
१५. दैनिक ३० मिनेट योग वा व्यायाम गर्नुस् ।
१६. स्याउ, सुन्तला, कागतीजस्ता भिटामिन 'सी'युक्त फलफूल सेवन गर्नुस् ।
१७. भिटामिनयुक्त खाना - अण्डा, माछा, दही, दूध र कलेजो खानुहोस् ।
१८. पकाउँदा नुन अन्तिममा राख्नुस् (आयोडिन संरक्षण गर्न) ।
१९. आवश्यक मात्रामा मात्रै खाइने तर पोषक तत्वको कमी हुन नदिने ।
२०. विशेष अवस्थामा पोषणविद्को सल्लाह लिनुहोस् (गर्भवती, वृद्ध, रोगीहरू) ।

**के–के नखाने ? के–के नखाने ?**

स्वास्थ्य जोगाउन सन्तुलित खानासँगै 'के नखाने' भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण छ ।

- अत्यधिक चिल्लो, गुलियो, मैदायुक्त, प्रशोधित खाद्यपदार्थहरू
- धूम्रपान र मध्यपान
- धेरै नुन, अजिनोमोटो, बेकिङ पाउडर
- प्याकेटमा बिक्री हुने तारेको खाना
- सडक छेउ विक्रीमा राखिएको झिंगा लागेका खाना
- लामो समयदेखि राखिएको वा बासी खाना
- अत्यधिक मासुजन्य, फास्ट फुड, केक, चकलेट, चाउचाउ
- बेकरी आइटम, म्योनेज, सस, डिप फ्राइड खाना

**मौसमी, बिसादी मुक्त खाना : उत्तम विकल्प**

आफू बस्ने ठाउँ नजिकै फल्ने तरकारी र फलफूल अपनाउनुहोस् ।
बिसादी प्रयोग नगरिएका, जैविक उत्पादनहरू प्रयोग गर्नुहोस् ।
चामल, दाल, अन्न, सागसब्जी राम्ररी सफा गरेर पकाउनुहोस् ।
परम्परागत खाना प्रणालीमा फर्कनु स्वास्थ्यका लागि राम्रो विकल्प हुन सक्छ ।

**दैनिक जीवनमा अपनाउन मिल्ने १० व्यायाम बानीहरू**

१. बिहान घाम लाग्दा सडकमै हिँड्न जानुहोस् ।
२. छिटो-छिटो हिँड्ने वा दौडने बानी बसाल्नुहोस् ।
३. घरमै हल्का योगासन (पद्मासन, ताडासन, भुजंगासन) गर्नुहोस् ।
४. सास ध्यान (प्राणायाम) अभ्यास गर्नुहोस् ।
५. लचिलोपन बढाउने तन्काउने व्यायाम गर्नुहोस् ।
६. साइक्लिङ, पौडी, डान्स जस्ता रुचिका व्यायाम अपनाउनुहोस् ।
७. मोबाइल चलाउँदै सुत्ने बानी हटाएर, ध्यान गर्ने बानी बसाल्नुहोस् ।
८. लिफ्ट प्रयोग गर्नुको सट्टा सिँढी चढ्ने बानी गर्नुहोस् ।
९. घरको सरसफाइ, बगैंचाको काम पनि व्यायामको विकल्प बन्न सक्छ ।
१०. टेलिभिजन हेर्दै गर्दा पनि केही मिनेट उठेर तन्किने अभ्यास गर्नुहोस् ।

**योग : शरीर, मस्तिष्क र आत्माको सन्तुलन**

योग केवल शारीरिक अभ्यास होइन, यो ध्यान, अनुशासन र मनो-शान्तिको संयोजन हो। योगको नियमित अभ्यासले लचिलोपन, सन्तुलन, तनाव नियन्त्रण, र भावनात्मक स्थायित्व प्रदान गर्दछ ।

**प्रमुख लाभहरूः**

- शरीरको तनाव कम
- मस्तिष्क शान्त
- पाचन शक्ति सुधार
- निद्रामा गुणस्तर
- सकारात्मक सोंच
- सन्तुलनः भोजन र व्यायामको मिलन

सन्तुलित भोजन र व्यायाम एक-अर्काको पूरक हुन्। केवल खानामा ध्यान दिएर मात्र स्वास्थ्य राम्रो हुँदैन । त्यस्तै, खाली व्यायाम गरेर पनि असन्तुलित खानाले नोक्सान पुर्‍याउँछ ।

- बिहान हल्का खाना खाएर व्यायाम गर्नु
- व्यायामपछि फलफूल वा प्रोटिनयुक्त खाना
- बिहान/दिउँसो ज्यादा खाना, बेलुकाको खाना हल्का
- खाना र व्यायामको समय निश्चित राख्नु

**विशेष अवस्था र सल्लाह**

गर्भवती महिलाः प्रसूतिकालीन पोषण आवश्यक; आयरन, क्याल्सियम बढी हुनु पर्छ ।
वृद्धः पचाउन सजिलो, झोलिलो, कम चिल्लो खाना
बच्चाहरूः वृद्धि विकासका लागि प्रोटिन र क्याल्सियमयुक्त खाना
रोगीहरूः मधुमेह, मुटुरोग, पाचन समस्यामा पोषणविद्को सल्लाहअनुसार खाना ।

**कम तौल वा मोटोपनः लक्ष्यअनुसार डाइट चार्ट बनाउने**

स्वस्थ जीवनको मूल मन्त्र भनेको सन्तुलित भोजन र नियमित व्यायाम हो । हामीले प्रकृतिले दिएको स्वस्थ खाना, मौसमी फलफूल, बिसादी मुक्त उत्पादनलाई प्राथमिकता दिंदा शरीरलाई आवश्यक पोषण प्राप्त हुन्छ । साथै, व्यायामले शरीर, मन, र आत्माको समन्वय कायम राख्छ ।

धेरैजसो रोगहरू - मोटोपन, मधुमेह, उच्च रक्तचाप, मानसिक तनाव - असन्तुलित खानपान र निष्क्रिय जीवनशैलीकै कारण उत्पन्न हुन्छन् ।

आजैदेखि सही खाने बानी बसालौं, व्यायामको समय निकालौं, र आफ्नो जीवनशैलीमा सन्तुलन ल्याएर दीर्घकालीन स्वास्थ्य सुनिश्चित गरौं ।

# कोलीय देवदह साकोसको ९ वटै सेवा केन्द्रको साधारणसभा सम्पन्न




तिलोत्तमा । कोलीय देवदह बचत तथा ऋण सहकारी संस्थाले सेवा केन्द्रय स्तरीय २० औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। संस्थाको ९ वटै सेवा केन्द्रमा एकैदिन साधारण सभा सम्पन्न गरेको हो।

संस्थाको केन्द्रीय कार्यालय रहेको खैरेनी सेवा केन्द्रको वार्षिक साधारण सभा संस्थाका अध्यक्ष ऋषिराम सापकोटाको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा संस्थाका अध्यक्ष सापकोटाले वार्षिक प्रतिवेदन, लेखा सदस्य कोषबहादुर गुरुङ्गले लेखा प्रतिवेदन प्रस्तुत गरे। कार्यक्रममा संस्थाका प्रमुख सल्लाहकार एवं जिल्ला सहकारी संघ रुपन्देहीका कोषाध्यक्ष सुवकान्त न्यौपाने, पुर्वसंचालक राजकुमार श्रेष्ठलगायतले बोलेका थिए। सेवा केन्द्र व्यवस्थापन उपसमितिका सदस्य राजन अधिकारीको स्वागत र सेवा केन्द्र इन्चार्ज मनोज खनालको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

साधारण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका कोषाध्यक्ष हरि भण्डारीले यस आर्थिक वर्षमा १ हजार ३ सय ७२ जना शेयर सदस्य वृद्धि गरी १९ हजार ५ सय ४९ जना पुऱ्याउन सफल भएको बताए। उनले संस्थाको कुल शेयर पुजी १३ करोड ४५ लाख, शेयर सदस्यको बचत १ अर्व ६४ करोड २१ लाख, कुल सम्पत्ति तथा दायित्व १ अर्ब ९० करोड १२ लाख र ऋण लगानी १ अर्ब ४३ करोड ६२ लाख रहेको जनाएको छ।

यसैगरी संचालक सदस्य खैराज शर्माको अध्यक्षतामा देउराली सेवा केन्द्र तिलोत्तमाको वार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारण सभामा शर्माले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा संस्थाका सल्लाहकार विष्णुप्रसाद पौडेल, पुर्वअध्यक्ष राजुमान गुरुङ्ग, शेयर सदस्य डिल्लीराज भण्डारी, गोमा रिजाल लगायतले आ-आफ्ना भनाइ राखेका थिए। सेवा केन्द्र व्यवस्थापन उपसमितिका सदस्य केशवराज अर्यालको स्वागत र सेवा केन्द्र ईन्चार्ज मुना भण्डारीको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

त्यसैगरी संचालक सदस्य दुर्गादत्त कडेलको अध्यक्षतामा शितलनगर सेवा केन्द्रको वार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारण सभामा कडेलले समग्र वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष कृष्णप्रसाद पौडेल, वडा सदस्य देवीप्रसाद न्यौपाने, हरिप्रसानद ढुंगाना, दुगादत्त शर्मा, डिल्लीराज मरासिनी, अनुष्का घिमिरे लगायतको आतिथ्यता रहेको थियो। सेवा केन्द्र व्यवस्थापन उपसमितिका सदस्य सुकदेव पौडेलको स्वागत र सेवा केन्द्र ईन्चार्ज राजु रेग्मीको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

यसैगरी संस्थाका सचिव कृष्णराज पौडेलको अध्यक्षतामा ढेकावर सेवा केन्द्रको वार्षिक साधारण सभा सम्पन्न भएको छ। कार्यक्रममा सचिव पौडेलले वार्षिक समग्र प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष जयकिशन अधिकारी, पूर्व कोषाध्यक्ष जागेश्वर पंगेनी, शेयर सदस्य हेमलाल शर्मा, गीता शर्मालगायतले आ-आफ्ना भनाइ राखेका थिए। सेवा केन्द्र व्यवस्थापन उपसमितिका सदस्य सरीमाया गुरुङ्गको स्वागत र सेवा केन्द्र इन्चार्ज अनुराधा रेग्मीको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

त्यसैगरी संचालक सदस्य लक्ष्मी सिंग्देलको अध्यक्षतामा रामपुर सेवा केन्द्रको वार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारण सभामा सिग्देलले समग्र वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष भिमप्रसाद गुरुङ्ग, शेयर सदस्य सरिता तामाङ्ग र नारायण बस्यालले आ-आफ्ना भनाइ राखेका थिए। सेवा केन्द्र व्यवस्थापन उपसमितिका सदस्य लोकबहादुर खत्रीको स्वागत र सेवा केन्द्र इन्चार्ज सपना गुरुङ्गको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

त्यसैगरी संचालक सदस्य धनप्रसाद भूषालको अध्यक्षतामा शंकरपुर सेवा केन्द्रको वार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारण सभामा भूषालले समग्र वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा संस्थाका पुर्वकोषाध्यक्ष प्रजापति सापकोटाले आफ्ना भनाइ राखेका थिए। सेवा केन्द्र व्यवस्थापन उपसमितिका सदस्य दुर्गाप्रसाद पाण्डे स्वागत र सेवा केन्द्र इन्चार्ज हेमा चापागाईंको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

यसैगरी संचालक सदस्य सम्झना दुवेको अध्यक्षतामा घोडाहा सेवा केन्द्रको वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभामा दुवेले समग्र वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन्। कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष तुल्सीराम शर्मा, व्यवस्थापक विनोद पराजुली, लेखा सदस्य कोषबहादुर गुरुङ्गलगायतले आ-आफ्ना भनाइ राखेका थिए। सेवा केन्द्र व्यवस्थापन उपसमितिका सदस्य विष्णुप्रसाद भट्टराईको स्वागत र सेवा केन्द्र इञ्चार्ज अर्चना वस्यालको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

यसैगरी संचालक सदस्य पिताम्बर खरालको अध्यक्षतामा सियारी सेवा केन्द्रको वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभामा खरालले समग्र वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा संस्थाका सल्लाहकार ईश्वरी ढुंगानालगायतले आ-आफ्ना भनाइ राखेका थिए। सेवा केन्द्र व्यवस्थापन उपसमितिका सदस्य रोमबहादुर सोमरे र सेवा केन्द्र इञ्चार्ज रेनुका गिरीको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

यसैगरी संचालक सदस्य बाबुराम अर्यालको अध्यक्षतामा भलुही सेवा केन्द्रको वार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारण सभामा अर्याललले बार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा पुर्वअध्यक्ष रुका सापकोटा, सहव्यवस्थापक बुद्धिसागर अर्याल, पूर्व संचालक खड्कबहादुर क्षेत्री, भलुही खानेपानीका अध्यक्ष रामप्रसाद सापकोटालगायतले आ-आफ्ना भनाइ राखेका थिए। सेवा केन्द्र व्यवस्थापन उपसमितिका सदस्य कल्पना न्यौपानेको स्वागत सेवा केन्द्र इञ्चार्ज कृष्ण उपाध्यायको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

९ वटै सेवा केन्द्र स्तरीय साधारण सभामा बोल्ने वक्ताहरुले सहकारीले शेयर सदस्यलाई नियमित रुपमा सीपमुलक तालिम प्रदान गर्नुपर्नेमा जोड दिएका थिए। उनीहरुले सहकारीले सर्वसाधारणमा बचत गर्नुपर्छ भन्ने भावनाको विकास गराउन सकेको दाबी गरेका थिए। शेयर सदस्यका आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकाक्षा पुरा गर्न निरन्तर लाग्न आवश्यक रहेको बताएका थिए। उनीहरुले शेयर सदस्यहरुलाई उत्पादनमा लाग्न आग्रह गरेका थिए।

वार्षिक साधारणसभामा ६ सय ६२ जना जेष्ठ सदस्य र उत्कृष्ट बचत कर्ता, उत्कृष्ट ऋण कारोबार गर्नेहरुलाई सम्मान गरिएको थियो।

सहकारीको मूल साधारणसभा मंसिर १२ गते देवदहको खैरेनीमा हुने व्यवस्थापक विनोद पराजुलीले बताए। सहकारीले ४४ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ। देवदह नगरपालिकाको सबैभन्दा ठूलो सहकारीले कार्यक्षेत्र विस्तार गरी जिल्लाव्यापी भएको छ।

## युवालाई...

उनका अनुसार युवाहरूकै सक्रियतामा नेपालमा संविधान सभाको निर्वाचन हुन सकेको, मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आउन सकेको हो।

महिला, दलित, आदिवासी, जनजाति, थारु, मुस्लिम, मधेशीलगायत सबै उत्पिडत वर्ग र समुदायले समावेशिता प्राप्त गर्ने आधार तयार गर्नमा समेत युवाको सक्रियता र खबरदारी महत्वपूर्ण रहेको उनको भनाइ रहेको छ।

विगतमा आफूहरू नेपालबाट सामन्ती उत्पिडनको अन्त्यको सपना देखेर राजनीतिमा आकर्षित भएको उल्लेख गर्दै उनले अहिलेका युवाहरूले भ्रष्टाचार नियन्त्रण र सुशासनको सपना देखेको आफूले पाएको बताए।

युवाहरूले वैदेशिक हस्तक्षेपको अन्त्य गर्ने र जनताको नेपाल अर्थात् जनगणतन्त्रसम्म पुग्ने सपना समेत युवाहरूमा रहेको पाउँदा खुसी लागेको सुनाए।

अब जुन पुस्तामा रहेको भएता पनि युवाको सपना पूरा गर्न सकै एक हुनुपर्ने र त्यसका लागि आफूहरू तयार भएर अगाडि बढेको प्रचण्डको भनाइ रहेको छ।

## डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु)को वनपैदावार बिक्री सम्बन्धी सूचना

प्रथम प्रकाशित मिति २०८२।०८।०७)

यस कार्यालय अर्न्तगत तिलौरकोट साझेदारी वन उपभोक्ता समुह, बुद्धभुमि-१०,कपिलवस्तुको विभिन्न कटानबाट उत्पादन भई प्रदेश सरकारको भागमा बाँडफाँड भई आउने मध्येको सव डिभिजन वन कार्यालय गोरुसिंगेमा रहेका जम्मा थान ३१३१ को १८५८०.८३ क्यु.फि. काठ र साल जातको ३८ चट्टा तथा अन्य जातको ५ चट्टा दाउरा एवं चेतरादेइ सव डिभिजन वन कार्यालय परिसरमा रहेका साल/अन्य जातको गोलिया काठ थान २४४२ को ९२५९.७२ क्यु.फि. काठ तथा साल दाउरा २८ चट्टा,सिसौ/टिक २ चट्टा,अन्य जातको १७ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक वनपैदावारमा आधारित उद्योगमा सूचीकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितीले २१ दिन भित्र डि. व. का. कपिलवस्तु(कपिलवस्तु), प्रदेश वन निर्देशनालय लुम्बिनी प्रदेश बुटवलवाट प्रत्येक लटको छुट्टाछुट्टै सिलवन्दी वोलपत्र खरिद गर्न र २२ औं दिनको कार्यालयले तोकेको समय भित्र दाखिला गर्न आव्हान गरिन्छ। पूर्ण व्यहोराको सुचना यस कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ। अन्य थप जानकारीका लागि कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु)**
तौलिहवा,कपिलवस्तु

# Siddharthanagar Municipality
## Office of the Municipal Executive
**Siddharthanagar, Rupandehi**

# Invitation for Bids

First Date of Publication: 2082-08-07 (23rdNovember, 2025)

1. Siddharthanagar Municipality Office, Siddharthanagar, Rupandehi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Bidding Procedure from S.N. 1 to 2 and Sealed bids under sealed quotation from S.N.3 to 5, name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount inclusive VAT and Provisional Sum without contingency | Bid Document Fee Amount | Bid Security Amount | Pre Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SNP/ NCB-10 /082/083 | Drain Maintenance & Cover Construction Work at various location of Ward No. 07 | NRs. 33,76,179.18 | NRs. 3000 | NRs. 80,000.00 (Eighty Thousand Only) | 2082-08-26 (12th December, 2025)<br>11:00 AM | 2082-09-09 (24th December, 2025)<br>Before 12:00 NOON | 2082-09-09 (24th December, 2025)<br>13:00 PM |
| 2 | SNP/ NCB-11 /082/083 | Construction and Upgrading works at Pugatabhumi Jetan Bihar Samrakshyan tatha Prawardan at Ward no. 04 | NRs. 39,15,569.75 | NRs. 3000 | NRs. 95,000.00 (Ninety-Five Thousand Only) | 2082-08-26 (12th December, 2025)<br>11:00 AM | 2082-09-09 (24th December, 2025)<br>Before 12:00 NOON | 2082-09-09 (24th December, 2025)<br>13:00 PM |
| 3 | SNP/ SQ-09/082 /083 | Upgrading and Construction of Arabia aahala sunnat nurul olam at Shankarpur Madarasa. Ward no. 10. | NRs. 13,69,436.53 | NRs. 1000 | NRs. 30,000.00 (Thirty Thousand Only) | N/A | 2082-08-23 (9th December, 2025)<br>Before 12:00 NOON | 2082-08-23 (9th December, 2025)<br>13:00 PM |
| 4 | SNP/ SQ-10/082 /083 | Upgrading and Construction of Road Infront of Nirvana Hotel East North inner Gulley Road and Chadkya path East Jym house to Pankaj home Road of Ward No. 03. | NRs. 17,60,282.68 | NRs. 1000 | NRs. 40,000.00 (Forty Thousand Only) | N/A | 2082-08-23 (9th December, 2025)<br>Before 12:00 NOON | 2082-08-23 (9th December, 2025)<br>13:00 PM |
| 5 | SNP/ SQ-11/082 /083 | Construction works at Muktidham Infrastructure Development & Upgrading of Noori Masque at Ward no. 04. | NRs. 16,14,917.63 | NRs. 1000 | NRs. 40,000.00 (Forty Thousand Only) | N/A | 2082-08-23 (9th December, 2025)<br>Before 12:00 NOON | 2082-08-23 (9th December, 2025)<br>13:00 PM |

| Bank Name | Name of Office | Revenue Account Name & No. | Deposit Account Name & No. |
|---|---|---|---|
| Agriculture Development Bank, Siddharthanagar, Rupandehi | Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi | Antarik Rajaswa (revenue) Khata<br>04-146-01145634-20-8 (ga-1-1) | Dharauti Khata<br>04-146-01145634-03-8 (ga-3) |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. A complete set of Bidding Documents may be purchased from the office Siddharthanagar Municipality, Office of the Municipal Executive, Siddharthanagar-5, Rupandehiby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs.1000.00till 2082-08-22 (8th December, 2025)under sealed quotation from S.N. 3 to 5 during office hours in the Project's Rajaswa (revenue) account.
4. Bid Submitted in hardcopy shall not be accepted under NCB Bidding Procedure fromS.N. 1 to 2 mentioned above.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Any amendment in the notice or bid documents or for further information please refer to the PPMO's website http://bolpatra.gov.np/egpunder NCB Bidding Procedure fromS.N. 1 to 2 mentioned above.Similarly, any amendment in the notice or bid documents will be posted in notice board of this office under sealed quotation from S.N. 3 to 5 mentioned above.

**Chief Administrative Officer**

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



अल्लो धागोबाट सामग्री बनाउँदै महिला उद्यमी :
दाङको घोराही उप-महानगरपालिका-१४ स्थित युनिक दिदीबहिनी अल्लो उद्योगमा अल्लो धागोबाट सामग्री बनाउन व्यस्त महिला उद्यमी । तस्विरः कुलदीप न्यौपाने/रासस

# स्काउट ज्याम्बोरीमा भाग लिने होराइजनका विद्यार्थीलाई विदाई



बुटवल। भारत स्काउट एण्ड गाइड्सको आयोजनामा भारतको लखनऊमा हुने १९औँ ज्याम्बोरीमा सहभागी हुने विद्यार्थीलाई न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलले विदाई गरेको छ । उक्त ज्याम्बोरीमा नेपाल स्काउट लुम्बिनी प्रदेशबाट नेपाल स्काउटका प्रशिक्षक खुमाकान्त अधिकारीको नेतृत्वमा न्यू होराइजनका उत्कृष्ट ८ जना विद्यार्थीहरू भारतको लखनऊतर्फ प्रस्थान गरेका छन् ।

। शनिबार विद्यालयमा एक कार्यक्रमबिच विद्यालयका प्राचार्य लोकनाथ उपाध्याय, उपप्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठ, ईसीए इञ्चार्ज बालकृष्ण बस्याल, शिक्षक तथा अभिभावकहरूले टोलीलाई सफलताको शुभकामना सहित विदाई गरेका हुन् ।

सो अवसरमा प्राचार्य उपाध्यायाले संस्थाले विद्यार्थीको उत्कृष्ट शैक्षिक नतिजासंगै खेलकुद र अतिरिक्त क्रियाकलापलाई पनि उत्तिकै महत्व दिएर अघि बढेको बताए ।

# जेनजी रूपन्देहीको बुटवल, तिलोत्तमा र सियारी समिति गठन

बुटवल। सुशासन र राजनीतिमा युवा नेतृत्व स्थापित गर्ने उद्देश्यसहित रुपन्देहीका विभिन्न स्थानीय तहमा जेन-जी समिति गठन गरिएको छ । शनिबार रुपन्देहीको तिलोत्तमाको वन बाटीकामा भएको संयुक्त भेलाले बुटवल, तिलोत्तमा र सियारीको समिति गठन गरेको हो । यसअघि नै सिद्धार्थनगर र सैनामैनाको पनि समिति गठन भएको थियो । बुटवल उपमानगरमा अस्लाम खांन संयोजक र अखिल कंडेल सचिव रहेको समिति चयन भएको छ । यस्तै तिलोत्तममा सन्देश खरेल संयोजक, निश्चल थापा सह संयोजक र विवेक खड्का सचिवमा चयन भएका छन् । यस्तै सहसचिव अनिशा ज्ञवाली र आशिष गुप्ता, कोषाध्यक्ष सन्तोष भण्डारी, सदस्यहरुमा सुजन थापा,रेशम कार्की,रवि यादव,नेहा कंडेल, पवन खरेल र सौरव खड्का रहेका छन् ।

यस्तै सियारीमा रवि श्रेष्ठको संयोजकत्वमा समिति गठन भएको छ ।

त्यस अघि भेलाको उद्घाटन कार्यक्रममा बोल्दै चिरन क्षेत्रीले अभियानमा जोडिनेहरुलाई कुनै पनि राजनैतिक दलमा नलाग्न सुझाव दिए ।

यस्तै डा.निकोलस भुसालले जेनजी आन्दोलन दबाउन र गोली हानी हत्या गर्नेलाई कानुनी दायरामा ल्याउन जरुरी रहेको बताए । जेनजी आन्दोलनले युवाको केवल १० प्रतिशत मात्र पूरा भएको र आन्दोलन जारी रहेको दाबी गरे । जेनजी रुपन्देहीका संयोजक राजु श्रेष्ठ, सुरज पोखरेल, मनोज विश्वकर्मा, पवन दमासे, अनिल मरासिनीलगायतले जेनजीमा जोडिनेहरुले सामाजिक काम तथा श्रमदानलाई प्राथमिकता दिन जरुरी रहेको औंल्याए । रुपन्देहीका विभिन्न पालिकामा समिति गठन भैसकेपछि जिल्ला समिति चयन गर्ने जेनजी रुपन्देही सचिव सुरज पोखेलले बताए ।

# यो सरकारले निकास दिन्न : चित्रबहादुर

बुटवल । राष्ट्रिय जनमोर्चा अध्यक्ष चित्रबहादुर केसीले यो सरकार एनजिओ आइएनजीओको भएको बताएका छन् । यो सरकारले देशलाई कुनै पनि हालतमा निकास दिन नसक्ने दावी गरे ।

राष्ट्रिय जनमोर्चा रुपन्देहीले शनिबार बुटवलमा आयोजना गरेको जेनजी आन्दोलन र त्यो आन्दोलन दिएको शिक्षा विषयक अन्तरक्रियामा बोल्दै अध्यक्ष केसीले यस्तो बताएका हुन् ।

उनले जेनजी पुस्ताले उठाएका मागहरु ठिक भएपनि स्वदेशी निरंकुश तथा प्रतिक्रियावादी शक्ति र विदेशी साम्राज्यवादी शक्तिले जेनजी आन्दोलनलाई भड्काएको बताउँदै गतल शक्तिहरुको आडमा बनेको सरकारको केही आस गर्न नसकिने बताए ।

अमेरिकी साम्रराज्यबादलाई परास्त नर्गदासम्म संसाकारको मानव जातिले मुक्ति नपाउने बताउँदै एमसीसी परियोजनामार्फत् लगानी गरेर अमेरिकाले नेपालमाथि खुलेयाम हस्तक्षेप गरेको अध्यक्ष केसीको दाबी छ । सरकारमा रहेका आफूलाई ठूलो दल बताउनेहरुले राजनीतिको नाममा राजनीनितलाई उद्योग बनाएर कमाउ धन्दा चलाएकाले देशले अहिले यस्तो अवस्था भोग्नु परेको उनले जनाए ।

बंगलादेशको बाढी नेपालमा पनि आउंछ, तिमिहरु सुध्र है भनेर मैले संसदमा प्रष्ट भनेको स्मरण गर्दै अध्यक्ष चित्रबहादुरले भने सरकार चलाउँदै आएका दलहरु नसुध्रीएका कारण अहिले नेपाली जनताले यो दुरदशा भोग्नु परेको हो । देशै रहने नरहे डर बढेको बताउँदै उनले भने देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डता आंखाको नानी जस्तै बनाउनुपर्छ । गुमेको संसद पुनर्स्थापना भए पनि स्वीकारने र चुनाव भए पनि स्वीकारने बताउँदै जेनजी आन्दोलनको पाठ सिकेर संविधान जोगाउनु पर्नेमा उनले जोड दिए ।

नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहको जेनजी आन्दोलन र त्यसले दिएको शिक्षा विषय अवधारणा पत्रमाथि वक्ताले आ-आफ्ना धारणा राखेका थिए ।

सोही अन्तरक्रियामा बोल्दै नेकपा मालेका स्थायी कमिटी सदस्य गोपालमणी गौतमले जेनजी आन्दोलनले देश कता जान्छ भन्ने अवस्थाको सिर्जना भएको बताउँदै निर्वाचन गराउन र देशलाई निकास दिन सर्वपक्षीय सरकार गठन गर्नुपर्ने बताए ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीका पोलिव्यूरो सदस्य प्रेम सुवेदीले जेनजी आन्दोलनलाई कमजोर सम्झन नहुने बताउँदै मुलुकको राष्ट्रिय स्वाधिनता कमजोर भएकाले संसदवादी दलहरु सुध्रन जरुरी रहेको बताए ।

एमालेका लुम्बिनी प्रदेश सदस्य युवराज घिमिरेले जेनजी आन्दोनलाई अराजकता मिसिएको विद्रोह भएको बताउँदै २३ गतेको घटनालाई सरकारले नैतिक जिम्मेवारी लिनुपर्ने र २४ गतेको आन्दोलन घुसपैठका कारण घटेकाले उचित छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्नेमा जोड दिए । उनले जेनजी आन्दोलनलाईए अराजकताको भिड भएको तर्क गरे ।

नेपाली कम्युनिष्ट पार्टीका नेता निर्मल जीसीले जेनजी आन्दोलनले सबै दलहरुलाई सुध्रने संकेत गरेको बताउँदै अब पनि दलहरु नसुध्रीय सक्किनुको विकल्प नभएकाले सबै दल मिलेर देशलाई अगाडि बढाउनु पर्ने बताए ।

नेकपाका केन्द्रीय सदस्य शरद वलीले जेनजी आन्दोलन बेथितिविरुद्धको विद्रोह भएको उल्लेख गर्दै यो अवस्था आउनमा अहिलेको व्यवस्था पनि दोषी रहेको जनाए ।

बुटवल बार एशोसिएसनका अध्यक्ष गोविन्द मरासिनीले जेनजी आन्दोलन अहिलेका दलहरुले फैलाएको वितिष्णाको प्रतिकार भएको बताउँदै दलहरु नसच्चीएमा देशमा अझै दुर्घटना घट्न सक्ने बताए । उनले प्रदेश खारेज गर्नुपर्ने र संघीयता भित्रका राष्ट्रिय सभा, जिल्ला समन्वय समितिको कुनै काम नभएको तर्क गरे ।

नेपाल पत्रकार महासंघ रुपन्देही अध्यक्ष दिनेश पाण्डेले जेनजी आन्दोलनका मुख्य दोषी नेपालका कम्युनिष्ट पार्टीहरु भएको दाबी गर्दै सधैँ एकले अर्कालाई दोषारोपण गरेर आफू चोखो बन्ने प्रवृत्तिको अनत्य हुनुपर्नेमा जोड दिए । जेनजी आन्दोलनबाट घटेका घटनाको जिम्मेवार तत्कालिन सरकारले लिनुपर्ने उनले बताए ।

पत्रकार डा. बालकृष्ण चापागाईं भने-'सरकारको लाचारी र नालायक पनका कारण जेनजी आन्दोलनबाट देशले क्षति भोग्नु परेको र दलहरुमा सुधार आउनुको विकल्प छैन ।'

कार्यक्रममा राष्ट्रिय जनमोर्चाका सल्लाहकार बद्रे आलम, पत्रकार गुनाराम घिमिरे, बुटवल उद्योग वाणिज्य संका अध्यक्ष हरि अर्याल, राष्ट्रिय उद्योग व्यापार संघका वरिष्ठ उपाध्यक्ष पदम श्रेष्ठ, कृषि विज्ञ तुल्सी भण्डारी, कृष्ण भण्डारी, केपी पोखरेललगायतले बोल्दै जेनजी आन्दोलन बेथितिविरुद्धको एक प्रकारको विद्रोह भए पनि कुनै सैद्धान्तिक र वैचारिक आन्दोलन नभएकाले देश चलाउने विषयमा जेनजी पुस्ताको भरपर्न नहुनेमा जोड दिए ।

जेनजी आन्दोलनका मागहरुलाई सम्बोधन गरेर देशलाई अगाडि बढाउनु पर्ने र त्यसका लागि दलहरु सुध्रन आवश्यक रहेको दलकै नेताहरुले बताएका छन् ।

सरकारमा रहेका एमाले, कांग्रेसलगायतका दलहरुको बथेति र बदमासीले जेनजी आन्दोलन जन्मिएको बताउँदै उनीहरुले जेनजी आन्दोलनमा देशी विदेशी शक्तिको योजनाबद्ध घुसपैठले देश ध्वंस भएको बताए ।

जेनजी आन्दोलनले देश झनै संकटमा फसेको र देशलाई अगाडि बढाउन राजीतिक दलहरुनै चाहिने उनीहरुको साझा धारणा छ ।

# उद्योग व्यापार संघ अधिवेशनको तयारीमा

बुटवल । उद्योग व्यापार संघ बुटवल अधिवेशनको तयारीमा जुटेको छ । आगामी पुसमा हुने अधिवेशनका लागि संघले विभिन्न उपसमितिहरु गठन गरको छ । संघको शनिबार बसेको कार्यसमिति बैठकले अधिवेशन सम्पन्न गर्न संघका वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थीलाई मूल संयोजकको जिम्मेवारी दिने निर्णय गरेको छ ।

यस्तै उद्योग उपााध्यक्ष पदम जीसीलाई मायाको चिनो प्रमाणपत्र संयोजक, वाणिज्य उपाध्यक्ष केशव श्रीसलाई किट ब्याग वितरण संयोजक, कार्यसमिति सदस्यहरु दिलीप शर्मालाई खाना व्यवस्थापन संयोजक, हिरा पेग्नी मगरलाई अतिथि सत्कार मञ्च व्यवस्थापन संयोजक, नारायण पाण्डेलाई हेल्थ डेस्क संयोजक र प्रशान्त बन्जाडेलाई रजिष्ट्रेशन संयोजकको जिम्मेवारी दिएको छ ।

बैठकले बुटवलमा पुस महिनामा सञ्चालन हुने औद्योगिक व्यापार मेला तथा प्रदर्शनीको पालोका सम्बन्धमा बुटवलका चार प्रमुख व्यवसायिक संस्थाबिच देखिएको विवाद अन्त्य गरी उद्योग व्यापार संघ बुटवललाई २०८३ साल पुसमा मेला सञ्चालनको पालोमा समावेश गरी चार वटै संस्थाले निरन्तर आलोपालो प्रणालीमा गर्ने निर्णय गरेको बुटवल उपमहानगरपालिकाको कार्यपालिकालाई धन्यवाद र आभार व्यक्त गर्ने निर्णय गरेको अध्यक्ष विष्णुप्रसाद पाण्डेले बताए ।

बैठकले उत्कृष्ट आर्थिक पुरस्कार वितरण छनोट समिति संयोजकमा संस्थापक अध्यक्ष खिमनारायण पराजुलीलाई र निर्वाचन समिति संयोजकमा कानुनी सल्लाहकार दामोदर घिमिरेलाई संयोजकको जिम्मेवारी दिएको छ ।

बैठकमा संस्थापक अध्यक्ष खिमनारायण पराजुलीले संस्थाले स्वाधीन अर्थतन्त्र, राष्ट्रिय औद्योगिकरण तथा व्यापार विविधिकरण, साना तथा मझौला उद्योगी व्यवसायीको संरक्षण जस्ता मुद्दा लिएर अघि बढेकाले अन्य संस्थाभन्दा बेग्लै पहिचान कायम गरेको बताए ।

बैठकमा संघका निवर्तमान अध्यक्ष गोविन्दराज गैरे, वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थी, उद्योग उपाध्यक्ष पदम जीसी, वाणिज्य उपाध्यक्ष केशव श्रीस, महासचिव यमलाल मरासिनी, कोषाध्यक्ष नम्रता थापा र कार्यसमिति सदस्यहरुले आसन्न अधिवेशनलाई व्यवस्थित बनाउन सबैले भूमिका खेल्नुपर्ने बताए ।

# ४० जना विद्यार्थीलाई छात्रवृत्ति

बुटवल । प्रतिमा बस्नेत स्मृति सहयोगी संस्था बुटवलले समाजका विभिन्न क्षेत्रमा कृयाशिल रहि योगदान पुराएका व्यक्ति तथा संस्थालाई सम्मान, विद्यार्थीहरुलाई छात्रवृत्ति र असहाय वृद्धवृद्धाहरुलाई आर्थिक सहयोग प्रदान गरेको छ । संस्थाको १३औं साधारणसभा तथा १४औं प्रतिमा स्मृति दिवसका अवसरमा शिक्षा तथा स्वास्थ्य क्षेत्रका साथै दुर्घटना न्यूनीकरणका क्षेत्रमा योगदान पुराउने व्यक्तिलाई सम्मान गरिएको हो ।

सो अवसरमा बोल्दै बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेले बुटवलको विकासमा स्थानीय सामाजिक संघसंस्थाहरुको भूमिका महत्वपूर्ण रहेको चर्चा गरे ।

सो अवसरमा संस्थाका अध्यक्ष तथा वडाध्यक्ष नरेन्द्र बस्नेतले शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा प्राप्त गर्नबाट कुनै पनि बालबालिका वञ्चित नहुन भन्ने उद्देश्यका साथ विभिन्न विद्यालयमा अध्ययनरत ३ दर्जन छात्र छात्राहरुलाई छात्रवृत्ति प्रदान गरिएको बताए। बुटवल मा.वि, उजिरसिंह मा.वि, सरस्वती आ.वि र स्थानीय मदरसामा अध्ययन गर्ने गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई जनही ३ हजारका दरले छात्रवृत्ति प्रदान गरिएको उनले बताए ।

१४ वर्षअघि सवारी दुर्घटनामा परि अल्पायुमै जीवन गुमाउन पुगेकी आफ्नी छोरीको स्मृतिमा स्थापना गरिएको सो संस्थाको आयोजनामा हालै रक्तदान कार्यक्रम पनि सम्पन्न भएको थियो । संस्थाको सो कार्यक्रममा विभिन्न ३० जनाले रक्तदान गरेको संस्थाले जनाएको छ । कार्यक्रममा लगातार १० पटक रक्तदान गर्ने र महिला रक्तदातालाई पनि सम्मान गरिएको थियो ।

संस्थाका सचिव पुजा बानियाँको सञ्चालनमा भएको सो कार्यक्रममा महासचिव विष्णुप्रसाद प्रधानले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# व्यवसायिक पशुपालनप्रति गुल्मीका किसानको बढ्दो आकर्षण

गुल्मी । व्यावसायिक पशुपालनबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका किसान पुनःपशुपालनमा आकर्षित हुन थालेका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र गुल्मीका प्रमुख हुमकान्त पाण्डेयका अनुसार जिल्लामा आर्थिक वर्ष २०८१/८२ मा किसानले पशुजन्य उत्पादनबाट रु चार अर्बभन्दा बढी कारोबार गरेको जानकारी दिए ।

केन्द्रका अनुसार गत आवमा रु चार अर्ब ५९ करोड २९ लाखभन्दा बढी मासु, दूध र अण्डा उत्पादन भएको छ। जसमा रु एक अर्ब ८४ करोड ३८ लाखको दूध मात्रै उत्पादन भएको छ ।

केन्द्रका अनुसार गत आवमा गाईको दूध छ हजार ३८१ मेट्रिकटन र भैंसीको दूध १६ हजार ४३७ मेट्रिकटन उत्पादन भएको थियो । जिल्लामा आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा २ दशमलव ५१ प्रतिशतले दूधको उत्पादनमा वृद्धि भएको केन्द्रको भनाइ छ ।

हाल जिल्लाबाट दैनिक एक हजार ५०० लिटर दूध अन्य जिल्लामा जाने गरेको छ । जिल्लाका सत्यवती र रुरुक्षेत्र गाउँपालिकामा तुलनात्मक रुपमा बढी दूध उत्पादन हुने गरेको छ। यहाँ उत्पादन हुने दूध रुपन्देही र पोखरा पठाउने गरिएको छ ।

गुल्मीमा गत आवमा रु दुई अर्ब ५८ लाख २३ हजार बराबरको मासु उत्पादन भएको छ । गत आर्थिक वर्षमा जिल्लाबाट १५ हजार खसीबोका, एक हजार ९०० राँगाभैंसी र पाँच लाख ४७ हजार ५०० लिटर दूध जिल्ला बाहिर निर्यात भएको कार्यालयले जनाएको छ ।

# 'दर्शन पाठशाला'को पहिलो श्रृंखला सम्पन्न

बुटवल। प्रगतिशील लेखक सङ्घ नेपाल रूपन्देहीद्वारा प्रारम्भ गरिएको 'दर्शन पाठशाला' कार्यक्रमको पहिलो श्रृंखला 'समकालीन नेपाल, अबको गन्तव्य' शीर्षकमा शनिबार सम्पन्न भयो । विचार, बहस र नीति-संवादलाई संस्थागत गर्दै समाजलाई बौद्धिक उचाइमा पुऱ्याउने लक्ष्यसहित सुरु गरिएको यो कार्यक्रम साहित्यकार, पत्रकार, शिक्षाविद्, कानुनविद्, संस्कृतिविद् तथा बौद्धिक समुदायको उपस्थितिमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख वक्ता वरिष्ठ अधिवक्ता तेजप्रसाद कंडेलले समकालीन नेपाली राजनीतिका मूल समस्या र समाधानका सम्भावित दिशाहरूको विस्तृत विश्लेषण प्रस्तुत गरे । वि सं. ०६२/०६३ को ऐतिहासिक राजनीतिक परिवर्तनले देशलाई नयाँ बाटोमा लगे पनि त्यस परिवर्तनको सही कार्यान्वयन नहुँदा आजको जटिल अवस्था उत्पन्न भएको कंडेलले बताए । उनका अनुसार राजतन्त्र हटे पनि गणतन्त्रको संस्थागत रूपरेखा लागू हुन सकेन, सहभागीमूलक शासन निर्माण हुन सकेन र लुटतन्त्र झन् मजबुत हुँदै गइरहेको छ । संविधान राजनीतिक सहमतिबाट बनेको मौलिक दस्तावेज भए पनि यसको सही कार्यान्वयनमा राज्य संयन्त्र र राजनीतिक दल असफल भएको उनको भनाइ थियो ।

कंडेलले अहिलेको सरकारलाई असवैधानिक भन्दै लोकतान्त्रिक प्रक्रियाप्रति नै प्रश्न खडा गरेको उल्लेख गर्दै संसद विघटनको असंवैधानिक सिफारिसले मुलुकलाई थप अनिश्चिततामा धकेलेको बताए । उनले जेनजी आन्दोलनलाई दशकौँदेखि सञ्चित असन्तोष, बेरोजगारी, अवसर अभाव र राजनीतिक असफलताप्रति युवाहरूको गहिरो प्रतिक्रिया भएको व्याख्या गर्दै समाजवादी लक्ष पूरा नहुँदा वर्तमान परिस्थिति जन्मिएको विश्लेषण गरे । मार्क्सवादी दार्शनिक दिशा अहिले पनि प्रासंगिक रहेको भन्दै कंडेलले यसलाई समयानुकूल पुनर्व्याख्या र पुनःप्रयोग गर्नुपर्नेमा जोड दिए । उनका अनुसार वर्तमान निकास "चुनावी प्रक्रियाबाटै खोजिनुपर्छ", दलहरूले जनभावना र परिणामअनुकूल दिशानिर्धारण गर्नुपर्छ ।

कार्यक्रमकी वक्ता आकांक्षा भण्डारीले राजनीतिक दलहरू जनतासँग प्रत्यक्ष सम्पर्क स्थापित गर्न नसक्नु नै अहिलेको प्रमुख चुनौती भएको बताइन् । संविधान सर्वोच्च भन्ने मान्यता भए पनि अन्ततः जनता संविधानभन्दा पनि माथि हुने बताउँदै नेतृत्वले जनताको वास्तविक चाहना बुझ्न, सुन्न र सम्बोधन गर्न सक्नुपर्छ भन्ने उनको तर्क थियो । उनले शिक्षण संस्थाले समस्या देखाउने, तर समाधान सिकाउन नसक्ने प्रवृत्तिले युवा पुस्तामा निराशा बढाएको उल्लेख गर्दै बुद्धिजीवी वर्गले यस्तै समाधानमुखी कार्यक्रम, बहस र वैकल्पिक सोंच निर्माणमा अग्रसर हुनुपर्ने आवश्यकतामा जोड दिइन् । उनका अनुसार सत्ता र नागरिकबीच बढ्दै गएको दूरी तत्काल कम गरिनुपर्ने अहिलेको प्रमुख आवश्यकता हो ।

कार्यक्रममा प्रगतिशील लेखक सङ्घ नेपाल, लुम्बिनी प्रदेश अध्यक्ष डा. मुरारि पराजुलीले विचार, साहित्य र समाज रूपान्तरणबिचको सम्बन्धबारे टिप्पणी गर्दै दर्शन पाठशाला श्रृंखलाले बौद्धिक बहसलाई सबल बनाउने विश्वास व्यक्त गरे । प्रगतिशील लेखक सङ्घ रूपन्देहीका अध्यक्ष कृष्ण गाउँलेको अध्यक्षता र कार्यक्रम संयोजक माधवकुमार पौडेलले सञ्चालन गरेको कार्यक्रममा वरिष्ठ समालोचक ऋषिराम भुसाल, वरिष्ठ पत्रकार डा. बालकृष्ण चापागाईं, संस्कृविद् राजेन्द्रकुमार आचार्य, शान्ताराम गिरी, डा. अजित खनाल, सिता काफ्ले, मुकुन्द पोखरेल, छवि पाठक, गणेश घिमिरे, माधव गौतम, नारायणप्रसाद भण्डारी, रूद्रलाल उपाध्याय, हिरालाल धामी, यज्ञलाल सुवेदी, सरु ज्ञवाली, दुर्गा थापा मगर, विन्दु सुवेदी, सिद्धार्थ भुसाल, आदर्श भण्डारीलगायतका साहित्यकार, समालोचक, पत्रकार र सिर्जनशील व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । सहभागीहरूले कार्यक्रम प्रभावकारी रहेको बताउँदै निरन्तरताको अपेक्षा राखेका थिए ।

बौद्धिक, संवादपूर्ण तथा सहभागीता-समृद्ध कार्यक्रममा प्रस्तुति, टिप्पणी, प्रश्न-उत्तर र खुला बहसपछि सफलतापूर्वक सम्पन्न भएको हो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com